# राष्ट्रिय मानव अधिकार आयोग

## हरिहरभवन, ललितपुर, नेपाल

## पदपूर्ति सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७५/१/५)

राष्ट्रिय मानव अधिकार आयोगका क्षेत्रीय तथा उपक्षेत्रीय कार्यालयहरुमा रिक्त रहेका तपसिल बमोजिमका पदहरु खुला प्रतियोगिताद्वारा (खुला र समावेशी तर्फ महिला, आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्गता भएका व्यक्तिहरु र पिछडिएको क्षेत्र) को समेत आधारमा र आन्तरिक प्रतियोगिता एवं कार्यक्षमताको मूल्याङ्कन बढुवाद्वारा समेत पूर्ति गर्नुपर्ने भएको हुनाले राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारीको सेवा, शर्त र सुविधा सम्बन्धी नियमावली, २०७२ बमोजिम यो दरखास्त आह्वान गरिएको छ।

| विज्ञापन नं. | पद तथा श्रेणी | खुला प्रतियोगिता तर्फ | | | | | | बढुवा तर्फ | | जम्मा संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | आदिवासी/जनजाति | मधेशी | दलित | अपाङ्ग | खुला | आन्तरिक प्रतियोगिता | का.स.मु. बढुवा | |
| १/०७४-७५ | निर्देशक, रा.प.प्रथम श्रेणी सरह | १ | - | - | - | - | १ | १ | ६ | ९ |
| २/०७४-७५ | उपनिर्देशक, रा.प.द्वितीय श्रेणी सरह | १ | - | - | - | - | २ | २ | ११ | १६ |
| ३/०७४-७५ | मानव अधिकार अधिकृत, रा.प.तृतीय श्रेणी सरह | ३ | २ | २ | १ | १ | ९ | २ | २ | २२ |
| ४/०७४-७५ | लेखा/प्रशासन अधिकृत, रा.प.तृतीय श्रेणी सरह | - | - | - | - | - | १ | १ | १ | ३ |

**परीक्षाको किसिमः** लिखित, अन्तर्वार्ता तथा आयोगको पदपूर्ति समितिले तोके बमोजिम हुनेछ।

**परीक्षा दस्तुरः** (क) रा.प.प्रथम श्रेणी सरहको पदको लागि रु. १,५००/- (एकहजार पाँचसय) दस्तुर बुझाउनु पर्नेछ।
(ख) रा.प.द्वितीय श्रेणी सरहको पदको लागि रु. १२००/- (एकहजार दुईसय) दस्तुर बुझाउनु पर्नेछ।
(ग) रा.प. तृतीय श्रेणी सरहको पदको लागि रु. १०००/- (एकहजार) दस्तुर बुझाउनु पर्नेछ। साथै एउटै पदको समावेशी तर्फको लागि रा.प.प्रथम श्रेणी सरहको पदको लागि रु. ६००/- रा.प. द्वितीय श्रेणी सरहको पदको लागि रु. ५०० र रा.प.तृतीय श्रेणी सरहको पदको लागि रु. ४००/- प्रति समावेशी पदका लागि थप दस्तुर बुझाउनु पर्नेछ।
(घ) परीक्षा दस्तुर राष्ट्रिय मानव अधिकार आयोगको केन्द्रीय कार्यालय हरिहरभवनमा रहेको आर्थिक प्रशासन शाखामा बुझाई नगदी रसिद प्राप्त गर्न सकिने छ।

**दरखास्त दिने स्थानः** आयोगको केन्द्रीय कार्यालय हरिहरभवन, ललितपुर।
**दरखास्त दिने म्यादः** यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र र दोब्बर दस्तुर तिरी थप ७ दिन भित्र।
**परीक्षा सम्बन्धी मिति र कार्यक्रमः** पछि प्रकाशित गरिनेछ।
**पदमा रही गर्नुपर्ने कामको बिवरणः** कार्य बिवरण अनुसार।
**काम गर्नुपर्ने स्थानः** आयोगको केन्द्रीय, क्षेत्रीय तथा उप-क्षेत्रीय कार्यालयहरु।

**आवश्यक न्यूनतम शैक्षिक योग्यता**

(क) निर्देशक, रा.प. प्रथम श्रेणी सरह र उप-निर्देशक, रा.प. द्वितीय श्रेणी सरहको पदको लागि चाहिने न्यूनतम योग्यतामा तोकिएको विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र प्रचलित कानून बमोजिम मान्यता प्राप्त संगठित संस्था वा अन्तर्राष्ट्रिय संघ, संस्थामा अधिकृतस्तरको पदमा कम्तिमा चारवर्षको मानव अधिकार संरक्षण र सम्बर्द्धनको क्षेत्रमा अनुभव प्राप्त गरेको सक्कल प्रमाण पत्र संलग्न हुनुपर्नेछ।
(ख) मानव अधिकार अधिकृत पदको न्यूनतम शैक्षिक योग्यता मान्यता प्राप्त विश्वबिद्यालयबाट कुनै बिषयमा स्नातकोपाधि हासिल गरेको हुनुपर्नेछ।
(ग) लेखा अधिकृत पदको लागि न्यूनतम शैक्षिक योग्यता मान्यता प्राप्त विश्वबिद्यालयबाट व्यवस्थापन वा अर्थशास्त्र मूल बिषय लिई स्नातक वा सो सरह वा चार्टर्ड एकाउन्टेण्ट उपाधि हासिल गरेको हुनुपर्नेछ।
(घ) आयोगको रिक्त पदहरूमा कार्यक्षमताको मूल्याङ्कन र आन्तरिक प्रतियोगिताद्वारा बढुवा गर्नको निमित्त रिक्त पदभन्दा एक श्रेणी मुनिको पदमा नियम ३१ बमोजिम सेवा अवधि पुगेको र बढुवा हुने पदको एक श्रेणी मुनिको पदको लागि तोकिएबमोजिमको शैक्षिक योग्यता पुगेको कर्मचारी सम्भाव्य उम्मेद्वार हुनेछ। बढुवाको लागि उम्मेद्वार हुने कर्मचारीलाई उमेरको हद लाग्ने छैन।

**अन्य थप जानकारीः**

(क) दरखास्त फाराम आयोगको वेब साइट **www.nhrcnepal.org** बाट डाउनलोड गर्न सकिनेछ।
(ख) दरखास्त दर्ता गर्दा दरखास्त फाराम, नागरिकता, शैक्षिक तथा अनुभवको प्रमाणपत्रका प्रमाणित प्रतिलिपि समेत संलग्न गरी आयोगमा दरखास्त दस्तुर जम्मा गरेको सक्कल नगदी रसिद संलग्न गर्नुपर्नेछ।
(ग) उम्मेदवारको उमेरको सीमा - दरखास्त दिने अन्तिम दिनसम्म अधिकृतस्तरको हकमा २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको तथा महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ। आयोगमा स्थायी, पदमा कार्यरतको हकमा उमेरको हद लाग्ने छैन।
(घ) समावेशीकरण अन्तरगत सुरक्षित गरिएको पदमा सम्बन्धित वर्गमा पर्ने व्यक्तिहरु मात्र उम्मेदवार हुन सक्नेछन्। यस्ता उम्मेदवारले आफू सो वर्गमा परेको भनी आधिकारिक निकायले दिएको प्रमाण पत्र आवेदन साथ अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

**सम्पर्कका लागि टेलिफोन नम्बरः-** ५०१००१५ **Ext.** १७०